नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक ३४ २०८२ साल भदौ ११ गते बुधबार (27 Aug 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : स्थानीय सरकारसँग ... ३ पृष्ठमा : भारतीय निर्वाचन आयोगमाथि ... ३ पृष्ठमा :इजरायलमा बन्धक ...

# जेष्ठ नागरिक तथा अशक्त भएकाहरुको घरमै पुगेर सामाजिक सुरक्षा कार्ड नविकरण



**दैनिक समाचारदाता**
**राजविराज, १० भदौ ।**

राजविराज नगरपालिकाले जेष्ठ नागरिक तथा अशक्त भएकाहरुको घर-घरमै पुगेर सामाजिक सुरक्षा कार्ड नविकरण गर्ने घरदैलो अभियानको सुरु गरेको छ ।

सामाजिक सुरक्षा भत्ता पाउने योग्य लाभग्राही मध्ये बृद्धबृद्धा र असक्त नागरिकहरुले नवीकरणमा समस्या नहोस् भन्ने उद्देश्यले नगरपालिकाले घरदैलो अभियान सुरु गरेको हो ।

पहिलो दिन राजविराज नगरपालिका ७ की १ सय २ वर्षिया बचिया देवी यादव र ८१ वर्षिया जगदम्बा देवी देवको घर मै पुगेर सामाजिक सुरक्षा भत्ता कार्ड नविकरण गरिएको हो ।

भदौ मसान्त भित्र कार्ड नविकरण नगराए सरकारबाट पाउने उक्त सेवा सुविधाबाट बञ्चित हुने भएकाले बृद्ध बृद्धा र शारिरीक रुपमा अशक्तको घर मै पुगेर नविकरण कार्य सूरु गरिएको राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इसरत परवीनले जानकारी दिइन । वडा नं. ७ बाट सुरु भएको यो अभियान भदौ मसान्त भित्र क्रमिकरुपमा नगरका सबै १६ वटै वडामा पुग्ने उनको कथन छ ।

बढ्दो उमेर तथा शारिरीक रुपमा अशक्त भई हिडडुल गर्न नसकि नविकरणका लागी वडा कार्यालय पुग्न न सक्नेहरुको पहिचान र अवस्थाबारे समेत जानकारी लिई नविकरण गर्न थालिएको उनले सुनाईन ।

कार्यवाहक नगर प्रमुख परवीनको नेतृत्वमा पहिलो दिन वडा न ७ मा नगरपालिकाका पञ्जिकरण शाखा प्रमुख रविन्द्र साह, वडा सचिव अमरनाथ दत्त, वडा सदस्य रामानन्द देव सहितको टोलीले उनीहरुको घर मै पुगेर कार्ड नविकरण गरेको छ ।

वडा सदस्य रामानन्द देवले दुर्घटनामा परेर तिघ्राको हडी भाचि स्थानीय गजेन्द्र नारायण सिह अस्पतालमा

*बाँकी अन्तिम पृष्ठमा*

# वेवारिसे अवस्थामा शव फेला

**दैनिक समाचारदाता**
**राजविराज, १० भदौ ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा वेवारिसे अवस्था एक शव फेला परेको छ ।

गाउँपालिकाको वडा नं. ८ स्थित विश्वकर्मा चौक नजिकै कोशी पश्चिमी सिँचाइ नहरको किनारमा बेवारिसे अवस्थामा एक शव फेला परेको हो ।

सोमबार ६ बजेतिर नहरमा नाम ठेगाना नखुलेको, पहिचान गर्न नसकिएको, महिला जस्तो देखिने वेवारिसे अवस्थामा शव फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

उनका अनुसार स्थानीयले शव देखेपछि इलाका प्रहरी कार्यालय हनुमाननगरमा जानकारी गराएका थिए । शवलाई पोष्टमार्टमका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल पठाइएको छ ।

# तिलाठी कोइलाडीले अब जिताको पानी किसानहरुको खेतमा पुऱ्याउँदै



**दैनिक समाचारदाता**
**राजविराज, १० भदौ ।**

जिल्लामा पानीका कारण खडेरी परेको बेला सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकामा केही दिन अघि मात्र खाडो खोलामा बाँध बाधेर किसानको खेत खेतमा पानी पुऱ्याएपछी अब जिता नदीमा बाँध बाँधेर खोलाको पानी किसानहरुको खेत खेतमा पुऱ्याइने काम सुरु भएको छ ।

गाउँपालिकाले वडा नं. ५ कुशहास्थित जिता खोलामा २५ मिटर लामो बाँध निर्माण गरी वडा नं. ४ र ५ का गरी पाँच सय विघा खेतमा खोलाको पानी पुऱ्याएको हो ।

गाउँपालिका र वडा नं. ५ का अध्यक्ष ललन प्रसाद राउत समेतको अगुवाईमा अस्थायी बाँध निर्माण गरेर दुईवटा वडामा रहेको किसानको खेतमामा सिंचाई पुऱ्याईएको गाउँपालिका अध्यक्ष अरुणकुमार मण्डलले जानकारी दिए ।

उनले पर्याप्त बर्षा नभएर खडेडीको मार झेल्दै आएको किसानको लागि ठुलो राहत पुगेको बताए । "धान रोपाइँ भइसकेको तर पानी अभावले मर्न थालेको बालीलाई खोलाबाट आएको पानीले जोगाएको छ" उनले भने ।

वडा नं. ४ का अध्यक्ष मुनिलाल मुखियाले खोलाको पानी खेतमा पुगेपछि धानबाली सप्रिने विश्वास व्यक्त गर्दै खडेरीको मारमा परेका किसान खुशी भएको प्रतिक्रिया दिए ।

यस्तै वडा नं. ५ का अध्यक्ष राउतले यसबर्ष रोपिएका धान पनि सुक्ने अवस्था आएपछि नदीमा बाँध बाँधेर सिंचाईको सुविधा पुऱ्याएको बताए ।

जिता खोलाको पानीले दुई वटा वडामा सिंचाई पुगे संगै गाउँपालिकाको चारवटा वडामा लगाइएको धानबाली जोगिने गाउँपालिकाका विपद व्यवस्थापन अधिकृत राजेश कुमार झाले जानकारी दिए ।

*बाँकी अन्तिम पृष्ठमा*

# बिषादी सेवनबाट एक किशोरीको मृत्यु, ६ जनाको उपचार हुँदै

**दैनिक समाचारदाता**
**राजविराज, १० भदौ ।**

सप्तरी जिल्लामा दुई दिनको अवधीमा बिषादी सेवनबाट एक किशोरीको मृत्यु भएको छ भने सिकिस्त भएका ६ जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको छ ।

विषादी सेवनले जिल्लाको शम्भुनाथ नगरपालिका ६ कठौनाकी १५ वर्षीया रन्जना कुमारी साहको उपचारको क्रममा मृत्यु भएको हो ।

उनको राजविराजस्थित छिन्नमस्ता अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक गौतम कुमार केसीले पुष्टि गरे ।

यस्तै राजविराज नगरपालिका १३ भेल्ही बिसहरियाकी २१ वर्षीया पार्वती देवी यादव, राजगढ गाउँपालिका ३ नर्घोकी ३० वर्षीया मनिता देवी राम, कञ्चनरुप नगरपालिका ४ जगतपुरका ३५ वर्षीय रुपेश यादव, हनुमाननगर कंकालिनी नगरपालिका १० इनर्वाकी १९ वर्षीया आईश खातुन, बोदेबर्साइन नगरपालिका ८ काचनटोलका २८ वर्षीय ललित महतो र राजगढ १ मुड्कि टोलकी २३ वर्षीया ललिता कुमारी यादवको विषादी सेवनबाट स्वस्थ्य अवस्था विग्रिएपछी उपचार भइरहेको प्रहरीले जनाएको छ ।

बिषादी सेवन गरेका मध्येबाट कोहीलाई राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल, छिन्नमस्ता अस्पताल तथा नोबेल अस्पताल विराटनगरमा उपचारका लागि भर्ना गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरी उपरिक्षक केसीका अनुसार धान-गहुँमा प्रयोग हुने 'सल्लेफस', तरकारीबालीमा प्रयोग हुने 'एल्मुनियम फस्फेट' लगायतका रसायन (विषादी) रहेको छ । "जिल्लामा भईरहेको यस्तो घटनाको कारण घरायसी विवाद हो" उनले भने, "अहिलेसम्मको प्रहरी

*बाँकी अन्तिम पृष्ठमा*

**बाढीबारे चासो राखौं, चनाखो बनौं**

बाढी र डुबान हुनुपूर्वको तयारीः

- वर्षायाममा सधैं मोवाईलमा पर्याप्त व्यालेन्स र व्याट्री राखौं.
- वर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं.
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं.
- गाउँ, टोल, वडामा रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं.
- आपतकालितन अवस्थाकालागि अन्न, दाल, नून, तेल, पानी सफा गर्ने औषधी र साबुनजस्ता सामाग्री घरको अग्लो ठाउँमा राखौं.
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे पहिल्यै थाहा पाइराखौं.
- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# निर्माणाधिन सडक सम्पन्न गराउनेतर्फ ध्यान पुगोस

लामो समयदेखी सप्तरीका दर्जनौं सडकहरु निर्माणाधिन अवस्थामा रहेको छ । समयमै कार्य सम्पन्न नहुदा ती सडकहरु अहिले जिर्ण अवस्था पुगेको र कुनै पनि बेला दुर्घटना हुने सम्भावना समेत बढेको छ । नजिकिदै गएको वडा दशैंका साथै अन्य चाड पर्वमा जिल्लामा मानिसहरुको चहलपहल बढ्ने हुनाले बाटोघाटोकै कारण प्रभावित बन्ने निश्चित छ ।

प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता मन्दिर जाने बाटो अहिले निकै जिर्ण र खाल्डोखुल्डो भइसकेको छ । राजविराज छिन्नमस्ता जाने बाटो विगत तीन वर्षदेखी निर्माणाधिन अवस्थामै रहेको छ । जसकारण दशैंको बेला मन्दिरसम्म पुग्न आगन्तुक तथा श्रद्धालुहरुलाई निकै अफ्ठ्यारो हुनेछ । यस्तै राजविराज रुपनी सडकको अवस्था पनि त्यस्तै छ । भारदह हनुमाननगर राजविराजको सडकको अवस्था पनि कहालिलाग्दो छ । विगत पाँच वर्षदेखी जिल्लामा विभिन्न विकासीय सडक निर्माणका कार्यहरु निकै सुस्त गति भइरहेको छ ।

ती सडकहरु स्थानीय पालिका र ठेकेदार कम्पनीले समयमा सम्पन्न गराउन उत्तिकै जिम्मेवार हुनुपर्छ । तसर्थ यस्ता कार्यलाई कुनै पनि बहानामा अवरोध नगरि ढिलो भएपनि सम्पन्न गराउनेतर्फ सम्बन्धीत सबै सरोकारवाला निकायले अग्रसरता देखाउनु उत्तिकै आवश्यक छ ।

# स्थानीय सरकारसँग जनताको अपेक्षा

**प्रेमचन्द्र झा**

नेपालको राजनीतिक, प्रशासनिक तथा संवैधानिक विकासक्रममा हाल स्थानीय सरकारको उपस्थिति निर्णायक बन्दै गएको छ । २०७२ सालको संविधानले संघीयता स्वीकार गरेपछि तीन तहको शासन प्रणालीः संघीय, प्रदेश र स्थानीय तहलाई संवैधानिक मान्यता दिएको छ । संविधानले स्थानीय तहलाई "सरकार" को रुपमा परिभाषा गरेको छ, जुन विगतको "स्थानीय निकाय" सँगको संरचनागत भिन्नता मात्र होइन, जिम्मेवारी र अधिकारको दृष्टिकोणले पनि एक क्रान्तिकारी परिवर्तन हो ।

नेपालको संविधान २०७२ ले स्थानीय तहलाई सरकारको रुपमा स्पष्ट रुपमा परिभाषित गरेको छ । यसअघि स्थानीय निकायका रुपमा रहेका नगरपालिकाहरू, गाउँ विकास समिति (गाविस) हरूलाई नयाँ संरचनागत आधारमा स्थानीय सरकारको रुपमा पुनर्गठित गरिएको हो । संविधानको अनुसूची ८ ले स्थानीय तहका एकल अधिकारहरू तोकेको छ भने अनुसूची ९ ले संघ, प्रदेश र स्थानीय तहबीच साझा अधिकारहरू निर्धारण गरेको छ । त्यसैले स्थानीय सरकार आज नीतिनिर्माण, योजना निर्माण, सेवा प्रवाह, न्यायिक अधिकार प्रयोगजस्ता विषयहरूमा सक्षम इकाई हो ।

स्थानीय सरकार तीन प्रमुख अंगहरूसँग मिलेर बनेको हुन्छ । स्थानीय तहमा निर्वाचित वडा अध्यक्ष, सदस्य, प्रमुख वा उपप्रमुख/मेयर वा उपमेयरबाट बनेको परिषदले विधान, नीति, योजना र बजेट पारित गर्ने कार्य गर्छ । यसले संविधानले दिएको अधिकार अन्तर्गत कानुन निर्माण गर्न सक्ने क्षमता राख्छ । कार्यपालिका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, वडाध्यक्षहरू र मनोनित सदस्यहरूबाट बनेको हुन्छ। कार्यपालिकाको बैठकबाट कार्यविधि, निर्देशन, बजेट कार्यान्वयन, सेवा प्रवाह लगायतका नीतिगत निर्णयहरू लिइन्छ । न्यायिक समितिमा उपप्रमुख/उपाध्यक्ष संयोजक हुन्छन्, जसले साना तथा स्थानीय विवादहरू मेलमिलापमार्फत समाधान गर्छन् । यसले जनताले सुलभ रूपमा न्याय पाउने आधार तयार पार्दछ ।

स्थानीय सरकारलाई स्थायी सरकार मानिन्छ, किनभने यसका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, सदस्यहरू सबै प्रत्यक्ष रूपमा जनताबाट निर्वाचित हुन्छन् । यसको तुलनामा संघीय र प्रदेश सरकार संसदको बहुमतमा आधारित हुन्छन्, जुन कहिले पनि फेरबदल हुनसक्छ । संसदीय राजनीति अस्थिर हुँदा सरकारले बारम्बार परिवर्तन हुनसक्छ, तर स्थानीय सरकार पाँच वर्षका लागि निश्चित अवधिका लागि चुनिएको हुन्छ । यसका केही विशेषताहरू यस्ता छन्ः प्रत्यक्ष निर्वाचन, जनतासँग प्रत्यक्ष सम्पर्क, सेवा प्रवाहमा अग्रसरता, भू-प्राकृतिक नजिकको शासन, योजना कार्यान्वयनमा तत्काल प्रतिक्रिया ।

स्थानीय सरकार जनताको घरदैलोमै सेवा पुऱ्याउने शासन हो । नागरिकता, जन्म-मृत्यु दर्ता, वडा सिफारिस, शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, सडक निर्माण आदि सीधा जनसरोकारका सेवाहरू स्थानीय सरकारले दिन्छ । स्थानीय योजना, ग्रामीण पूर्वाधार, साना उद्योग, सहकारीको प्रवर्द्धन, कृषिमा अनुदान, महिला तथा सीमान्तकृत समुदायको सशक्तीकरणजस्ता कार्यहरू स्थानीय सरकारको नेतृत्वमै हुन्छ । संघीयता अभ्यास गर्ने पहिलो तह स्थानीय सरकार हो। यसमार्फत जनताको प्रतिनिधित्व, सहभागिता, पारदर्शिता, जवाफदेहिता र समावेशी विकास कार्यान्वयनमा देखिन्छ ।

स्थायी भए पनि व्यावहारिक रुपमा धेरै समस्या देखा परेका छन्, जस्तै दलियकरणको प्रभाव, जनसेवाभन्दा कार्यकर्ताप्रेम, प्रतिपक्षको कमजोर भूमिका, कर्मचारी प्रशासनमा निर्भरता, पारदर्शिता र जवाफदेहिताको अभाव । वर्तमानमा अधिकांश स्थानीय तहमा दलिय उम्मेदवारमार्फत निर्वाचन हुन्छ । जनप्रतिनिधिहरूको कार्यप्रणालीमा पार्टीको निर्देशन प्रभावशाली देखिन्छ । यसले नीति निर्माण र सेवा प्रवाहमा पक्षपात, पूर्वाग्रह उत्पन्न गरेको छ । जनसेवामा भन्दा आफ्ना पार्टीका कार्यकर्ताहरूलाई रिझाउन प्राथमिकता दिने प्रवृत्तिले सेवाको गुणस्तरमा ह्रास आएको छ । विकास योजना ठेक्कापट्टा वितरणमा पनि पार्टीगत झुकाव देखिएको छ । स्थानीय तहमा प्रतिपक्षको भूमिका न्यून छ । प्रतिपक्षको अनुपस्थितिमा नीति निर्माण वा बजेट कार्यान्वयनमा पर्याप्त निगरानी हुन सक्दैन । कागजी रुपमा स्थानीय सरकार सशक्त भए पनि प्राविधिक, आर्थिक र प्रशासनिक रूपमा केन्द्र वा प्रदेश सरकारमाथि निर्भरता अझै उच्च छ । कतिपय स्थानीय तहमा योजना छनोटदेखि बजेट खर्चसम्म पारदर्शिता अभाव देखिन्छ। जनगुनासो, सामाजिक लेखापरीक्षणजस्ता अभ्यासहरू कमजोर छन् ।

यी समस्याको समाधानका लागि सुधारका उपायहरू अवलम्बन गर्न आवश्यक छ । जस्तै पार्टी प्रणालीबिना स्थानीय निर्वाचनको विकल्पमा छलफल, प्रतिपक्षको भूमिकालाई स्पष्ट र प्रभावकारी बनाउने, सामाजिक लेखापरीक्षण अनिवार्य गर्ने, योजना छनोटदेखि कार्यान्वयनसम्म नागरिकको सहभागिता सुनिश्चित गर्ने, जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिमा लगानी गर्ने, सूचना प्रवाह तथा प्रविधिको प्रयोग बढाउने, र भ्रष्टाचार नियन्त्रणमा कठोर उपायहरू अपनाउने ।

आज जनताले तीन तहका सरकारहरूबाट के अपेक्षा गरेका छन् भन्ने कुरा बुझ्नु जरुरी छ । संघीय सरकारले राष्ट्रिय नीति निर्माण, सुरक्षाको सुनिश्चितता, मूल पूर्वाधार विकासमा भूमिका खेल्नुपर्ने अपेक्षा गरिएको छ । प्रदेश सरकारले क्षेत्रीय सन्तुलन, भाषा-संस्कृति, शिक्षा, स्वास्थ्यमा नीति निर्माण तथा सेवा प्रवाह गर्नुपर्ने अपेक्षा छ । तर, सबैभन्दा बढी जनताको सरोकार स्थानीय सरकारसँग हुन्छ । घरनजिकको सरकार भएकाले सेवाप्रवाह, विकास निर्माण, सशक्तिकरण, न्याय प्राप्तिमा स्थानीय तहको भूमिका निर्णायक छ ।

जनताको विश्वास जित्नका लागि सरकारहरूले जवाफदेही शासन प्रणालीलाई व्यवहारमा उतार्नुपर्छ । आफ्ना कामको समीक्षा समय समयमा जनतासँग बाँड्नुपर्छ । योजना छनोटमा जनताको सक्रिय सहभागिता हुनुपर्छ । भ्रष्टाचार नियन्त्रणका लागि सार्वजनिक खरीद प्रक्रिया पारदर्शी बनाउने, अनुगमन र लेखापरीक्षण प्रक्रिया कडा बनाउने, डिजिटल प्रविधिको अधिकतम प्रयोग गर्ने । तीन तहबीचको समन्वयलाई मजबुत बनाएर स्रोतको दोहोरो प्रयोग रोक्नुपर्छ । अनलाइन सेवा प्रणाली, डिजिटल फिडब्याक सिस्टम, र गुनासो व्यवस्थापन पोर्टलमार्फत नागरिकको आवाजलाई संस्थागत गरिनुपर्छ ।

युवालाई सशक्त बनाउने, नवप्रवर्तनशील योजनामा जोड दिने, स्मार्ट गाउँ र डिजिटल नगरको अवधारणा कार्यान्वयन गर्ने । महिला, दलित, जनजाति, मुस्लिम, मधेसी, अपाङ्गता भएका नागरिकहरूको प्रतिनिधित्व सुनिश्चित गर्दै, उनीहरूका लागि लक्षित कार्यक्रम ल्याउने ।

स्थानीय सरकार नेपालको संघीय शासन प्रणालीको मेरुदण्ड हो । जनताको प्रतिनिधि भएर उनीहरूको नजिकबाट सेवा प्रवाह गर्ने सरकार स्थानीय तह हो । संविधानले दिएको अधिकार, कानुनी संरचना, निर्वाचित प्रतिनिधिको उपस्थिति, न्यायिक संयन्त्रजस्ता आधारहरूले यसलाई स्थायी सरकारको रुपमा स्थापित गरेको छ । तर, स्थायित्वको अर्थ सधैं गुणस्तर भन्ने होइन । आज धेरै स्थानीय सरकारहरू सेवा प्रवाहमा पूर्वाग्रही, दलिय, अपारदर्शी, गैर-उत्तरदायी देखिन्छन्। योजना निर्माण र कार्यान्वयनमा पारदर्शिता र सहभागिता अभाव छ । दलियकरणले स्थानीय सरकारको लोकतान्त्रिक चरित्रलाई क्षतिग्रस्त बनाएको अवस्था छ ।

पार्टी प्रणाली बिना स्थानीय निर्वाचनको विकल्प, प्रतिपक्ष बलियो बनाउने संरचना, सामाजिक लेखापरीक्षण अनिवार्य बनाउने, नागरिक सहभागिता सुनिश्चित गर्ने, कर्मचारी र जनप्रतिनिधिको क्षमता अभिवृद्धि, सूचना प्रवाह र डिजिटल सेवा प्रणालीको विकास, भ्रष्टाचार नियन्त्रण र जवाफदेही शासनजस्ता उपायहरू अवलम्बन गरिन सकेमा मात्र स्थानीय सरकारले जनताको विश्वास जित्न सक्छ । त्यस्तै, प्रदेश र संघीय सरकारले पनि सेवा प्रवाहमा तल्लो तहसँग समन्वय गर्दै जिम्मेवार भएर काम गर्नु आवश्यक छ ।

अन्ततः, तीन तहका सरकारहरूको उद्देश्य एउटै हुनुपर्छ - जनताको सेवा, अधिकारको रक्षा, र समावेशी तथा दिगो विकास । यही साझा उद्देश्यमा समर्पित शासन पद्धतिबाट मात्र संविधानले परिकल्पना गरेको समृद्ध नेपाल र सुखी नेपालीको सपना साकार हुन सक्छ ।


**डा. भगवती यादव**

**Dr. Bhagwati Yadav**

MBBS, MD Paediatrics (USC)

NMC Reg. No. : 11389

नवजात शिशु तथा बाल रोग विशेषज्ञ

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569


# झापामा नागरिकताभन्दा राहदानी बनाउने धेरै

झापा, १० भदौ (रसस) ।

जिल्लामा नागरिकता प्रमाणपत्रभन्दा राहदानी प्रमाणपत्र लिनेको सङ्ख्या धेरै छ । जिल्ला प्रशासन कार्यालयसहित दमक र गौरीगञ्जको इलाका प्रशासन कार्यालयबाट नागरिकता र राहदानी वितरण हुँदै आएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाका अनुसार साउनमा झापामा एक हजार २८९ जनालाई नेपाली नागरिकता प्रमाणपत्र वितरण गरिएको छ । जबकि सोही महिनामा दुई हजार ३३३ जनालाई राहदानी प्रमाणपत्र वितरण भएको छ ।

नागरिकतामध्ये वंशजका आधारमा लिनेहरू एक हजार २३० जना छन् भने वैवाहिक अङ्गीकृत ५५ जनाले र गैरआवासीय नागरिकता चार जनाले लिएको निरौलाले बताउनुभयो ।

गत एक वर्षको तथ्याङ्कले समेत नागरिकताको तुलनामा राहदानी लिनेहरू धेरै रहेको देखाउँछ । आर्थिक वर्ष २०८१/८२ मा झापामा २२ हजार ७७७ जनालाई नागरिकता प्रमाणपत्र वितरण गरिएको थियो ।

सोही आवमा झापाबाट राहदानी प्रमाणपत्र लिनेको सङ्ख्या ३३ हजार २२४ पुगेको सहायक प्रजिअ निरौलाले जानकारी दिनुभयो । गत वर्ष नागरिकताको तुलनामा राहदानी लिनेहरू १० हजार ४४७ ले बढी थिए ।

उक्त आवमा वंशजको आधारमा २२ हजार ४० जनाले, वैवाहिक अङ्गीकृतको आधारमा छ सय ७५ जनाले र गैरआवासीयको आधारमा ६२ जनाले नेपाली नागरिकता प्रमाणपत्र लिएको पाइएको छ ।

नागरिकता र राहदानीको तुलनामा राष्ट्रिय परिचयपत्रको कार्ड लिनेहरू झन् धेरै छन् । साउनमा झापामा पाँच हजार ७६७ जनालाई राष्ट्रिय परिचयपत्रको कार्ड वितरण गरिएको छ । साउन मसान्तसम्म झापामा तीन लाख ६० हजार ७७२ जनाले राष्ट्रिय परिचयपत्रको कार्ड लिइसकेको सहायक प्रजिअ निरौलाले जानकारी दिनुभयो ।

# भारतीय निर्वाचन आयोगमाथि विपक्षीको धाँधली आरोप

नयाँदिल्ली, १० भदौ (रासस/एएफपी)।

लामो समयदेखि विश्वको सबैभन्दा ठूलो लोकतन्त्रको निष्पक्ष संरक्षक मानिँदै आएको भारतीय निर्वाचन आयोग अहिले आफ्नो विश्वसनीयता र स्वतन्त्रतामाथि अभूतपूर्व प्रश्न उठ्दै आलोचनाको घेरामा परेको छ।

विपक्षी दलका नेता र आलोचकहरूले हालै सम्पन्न आम निर्वाचनमा ठूलो मात्रामा धाँधली भएको र यसले सम्पूर्ण परिणाम प्रभावित पारेको आरोप लगाएका छन्। तर, निर्वाचन आयोगले भने सबै आरोपहरूलाई दृढतापूर्वक अस्वीकार गरेको छ।

नयाँदिल्लीको संसद्‌मा प्रमुख विपक्षी नेता तथा कांग्रेस पार्टीका राहुल गान्धीले यस अभियानको नेतृत्व गरिरहनुभएको छ।

उहाँले अघिल्लो पटक इलेक्ट्रोनिक मतदान मेसिनहरू त्रुटिपूर्ण भएको आरोप लगाउनुभएको थियो। अहिले भने उहाँले निर्वाचन आयोगले डिजिटल मतदाता रेकर्ड सार्वजनिक गर्न अस्वीकार गरेको बताउँदै आफ्ना समर्थकहरूले हप्तौँसम्म हातैले दर्ता सूचीहरू जाँच्दा भेटिएका त्रुटिहरू देखाउनुभएको छ।

**आरोपहरू के के छन् ?**

पचपन्न वर्षीय गान्धीले सन् २०२४ को संसदीय चुनावमा मत हेरफेरका कारण आफ्नो पार्टीले दर्जनौं सिट गुमाएको दाबी गर्नुभएको छ। एक अर्ब ४० करोड जनसङ्ख्या भएको भारतभरि छ हप्तासम्म चलेको यो चुनावलाई मानव इतिहासकै सबैभन्दा ठूलो लोकतान्त्रिक अभ्यास मानिन्छ।

गान्धीले प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टी (भाजपा) लाई समर्थन गर्न आयोगले मतदाता सूचीमा हेरफेर गरेको बताउनुभयो। चौरहत्तर वर्षीय मोदीले गत वर्ष ऐतिहासिक तेस्रो कार्यकाल जिते पनि स्पष्ट बहुमत प्राप्त गर्न सक्नुभएको थिएन।

गान्धीका अनुसार धाँधलीका रणनीतिहरूमा एउटै व्यक्तिको नामबाट धेरै पटक मतदान गर्नु, नक्कली ठेगाना प्रयोग गरेर मतदाता थप्नु जस्ता काम समावेश थिए।

अगस्ट ७ मा उहाँले पत्रकार सम्मेलनमार्फत आफ्नो पार्टी सानो मतान्तरले हारेको निर्वाचन क्षेत्रमा एक लाखभन्दा बढी 'नक्कली' मत खसेको उदाहरण प्रस्तुत गर्नुभयो। यस क्षेत्रमा कांग्रेस ३० हजारभन्दा बढी मतले पराजित भएको थियो।

"हाम्रो माग स्पष्ट छ– निर्वाचन आयोगले डिजिटल मतदाता सूची पारदर्शी रूपमा सार्वजनिक गरोस् ताकि जनता र राजनीतिक दलहरूले स्वतन्त्र रूपमा लेखापरीक्षण गर्न सकून्", गान्धीले भन्नुभयो।

**निर्वाचन आयोगको प्रतिक्रिया**

भारतीय निर्वाचन आयोगले यी सबै आरोपलाई 'झुटा र भ्रामक' भनेको छ। मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले आयोग कहिल्यै आफ्नो संवैधानिक कर्तव्यबाट पछि नहट्ने बताउनुभयो।

"निर्वाचन आयोगलाई राजनीतिक औजारका रूपमा प्रयोग गरेर भारतका मतदातालाई लक्षित गर्ने प्रयास भइरहेको छ", उनले पत्रकार सम्मेलनमा भन्नुभयो, "आयोग सबै मतदातासँग दृढतापूर्वक उभिएको छ र कुनै भेदभावबिना आफ्नो कर्तव्य पूरा गर्न निरन्तर प्रतिबद्ध छ।"

कुमारले आरोप लगाउनेहरूले प्रमाणसहित शपथपत्र पेस गर्न वा राष्ट्रसँग माफी माग्नुपर्ने चेतावनी पनि दिनुभयो।

**किन अहिले ?**

गान्धीले अगस्ट १७ मा बिहारमा एक महिनासम्म चल्ने 'मतदाता अधिकार' र्‍याली सुरु गर्नुभएको छ, जसमा ठूलो जनसमर्थन प्राप्त भएको बताइएको छ। अक्टोबर वा नोभेम्बरमा त्यहाँ हुने विधानसभा चुनावअघि यी आरोपहरू चर्किएका हुन्।

विपक्षीहरूले आयोगले पञ्जीकरण सुधारका नाममा कडा कागजात मागेर सामूहिक मताधिकार हनन गरेको दाबी गरेका छन्। तर, गत हप्ता भारतको सर्वोच्च अदालतले अधिकांश नागरिकसँग न्हुने बायोमेट्रिक आइडीलाई वैध मान्दै राहत दिएको छ।

यसैबीच, कार्यकर्ताहरूले जीवित मतदातालाई मृत घोषित गरिएको, पूरा परिवारलाई दर्ता सूचीबाट हटाइएकोजस्ता घटनाहरू रिपोर्ट गरेका छन्।

गान्धीले यसलाई 'अन्तिम षड्यन्त्र' भन्नुभएको छ। बिहारमा मतदाता प्रमाणीकरण प्रक्रिया सेप्टेम्बर २५ भित्र सक्ने र अन्तिम सूची पाँच दिनपछि प्रकाशित गर्ने योजना छ।

गान्धीले आरोप लगाउँदै भन्नुभयो, "सुधारको नाममा उनीहरूले नयाँ मतदाता थप्ने र पुराना मतदाता हटाएर चुनाव चोर्न खोजेका छन्।"

आयोगले भने यो अभ्यास विदेशी अवैध आप्रवासीलाई मतदाता सूचीमा प्रवेश गर्न नदिन गरिएको स्पष्ट पारेको छ।

मोदी नेतृत्वको भाजपाले लामो समयदेखि छिमेकी बङ्गलादेशबाट ठूलो सङ्ख्यामा कागजातविहीन आप्रवासी मुस्लिमहरू भारतको मतदाता सूचीमा प्रवेश गरेको दाबी गर्दै आएको छ।

यता आयोगले बिहारमा मेसिनले पढ्न सकिने डिजिटल रेकर्डलाई स्क्यान गरिएको छविले प्रतिस्थापन गरेपछि आलोचना बढेको छ। आलोचकहरूको भनाइमा यस परिवर्तनले त्रुटि पत्ता लगाउन कठिन हुने र समय बढी लाग्ने सम्भावना बढेको छ।

# विश्वका चारमध्ये एक जना सुरक्षित पिउने पानीबाट वञ्चित : राष्ट्रसंघ

जेनेभा, १० भदौ (रासस/एएफपी)।

विश्वभर अझै पनि दुई अर्बभन्दा बढी मानिस सुरक्षित र व्यवस्थित पिउने पानीको पहुँचबाट वञ्चित रहेको संयुक्त राष्ट्रसङ्घले चेतावनी दिएको छ।

राष्ट्रसङ्घले मङ्गलबार प्रकाशित प्रतिवेदनमा सन् २०३० सम्ममा सबैका लागि सुरक्षित पानी र सरसफाइ उपलब्ध गराउने लक्ष्य अझै टाढिँदै गएको बताएको छ।

संयुक्त राष्ट्रसङ्घको स्वास्थ्य संस्था (डब्लुएचओ) र बाल एजेन्सी (युनिसेफ) ले संयुक्त रूपमा जारी गरेको अध्ययनअनुसार गत वर्ष विश्वका चारमध्ये एक जना मानिस सुरक्षित रूपमा व्यवस्थित पिउने पानीको पहुँचबाट वञ्चित थिए। अझै पनि करिब १० करोड मानिस सतहको पानीमै निर्भर छन्, जसले उनीहरूलाई रोगको उच्च जोखिममा पारेको छ।

"पानी, सरसफाइ र स्वच्छता कुनै विशेषाधिकार होइन, ती आधारभूत मानव अधिकार हुन्", डब्लुएचओका वातावरण विभागका प्रमुख रुडिगर क्रेचले भन्नुभयो, "सबैभन्दा सीमान्तकृत समुदायहरूका लागि कामलाई तीव्र बनाउनैपर्छ।"

प्रतिवेदनले पिउने पानीलाई पाँच तहमा वर्गीकरण गरेको छ। सबैभन्दा माथिल्लो तह 'सुरक्षित रूपमा व्यवस्थित' हो, जसमा पानी घरमै उपलब्ध हुने, आवश्यक बेला पाइने र मल तथा रासायनिक प्रदूषणबाट मुक्त हुने सुविधा समावेश हुन्छ।

अन्य तहहरूमा आधारभूत (३० मिनेटभित्र सुधारिएको स्रोतमा पुग्ने), सीमित (३० मिनेटभन्दा बढी लाग्ने), असुरक्षित (असुरक्षित कुवा वा भूमिगत पानी) र सतहको पानी पर्दछन्।

**पानी पहुँचमा प्रगति र चुनौती**

सन् २०१५ देखि अहिलेसम्म ९६ करोड १० लाख मानिसले सुरक्षित पिउने पानीको पहुँच पाएका छन्। यस अवधिमा विश्वव्यापी पहुँच ६८ प्रतिशतबाट बढेर ७४ प्रतिशत पुगेको छ।

तर अझै पनि दुई अर्ब १० करोड मानिस सुरक्षित रूपमा व्यवस्थित पिउने पानीबिनै बाँचिरहेका छन्। तीमध्ये १० करोड ६० लाखले सतहको पानी प्रयोग गरेका छन्। यो सङ्ख्या एक दशकमा छ करोड १० लाखले घटेको भए पनि चुनौती गम्भीर नै छ।

सन् २०१५ मा १४२ देशले सतहको पानी प्रयोगलाई पूर्ण रूपमा हटाएका थिए भने २०२४ मा यो सङ्ख्या बढेर १५४ पुगेको छ।

हालसम्म ८९ देशमा कम्तीमा आधारभूत पिउने पानी सबैका लागि उपलब्ध छ भने ३१ देशमा सुरक्षित रूपमा व्यवस्थित सेवाहरू पूर्ण रूपमा पुगेका छन्।

तर २८ देशमा अझै पनि चारमध्ये एक जनाभन्दा बढी आधारभूत सेवाबाट वञ्चित छन्, जसको धेरैजसो अफ्रिकी मुलुकमा केन्द्रित छ।

**सरसफाइ र स्वच्छता सेवामा सुधार**

सरसफाइको क्षेत्रमा पनि केही प्रगति भएको छ। सन् २०१५ देखि अहिलेसम्म एक अर्ब २० करोड मानिसले सुरक्षित रूपमा व्यवस्थित सरसफाइ सेवाको पहुँच पाएका छन्। यस अवधिमा पहुँच ४८ प्रतिशतबाट बढेर ५८ प्रतिशत पुगेको छ।

सुरक्षित सरसफाइ भन्नाले साझा नभएको सुविधा र त्यहाँ उत्पादन भएको मल सुरक्षित रूपमा नष्ट वा प्रशोधन गरिएको अवस्थामा बुझिन्छ।

खुला शौच गर्ने मानिसहरूको सङ्ख्या पनि घटेर सन् २०२४ मा ३५ करोड ४० लाख (विश्व जनसङ्ख्याको चार प्रतिशत) मा झरेको छ। यो सन् २०१५ को तुलनामा करिब ४२ करोड ९० लाखले कम हो।

यस्तै, आधारभूत स्वच्छता सेवामा पनि एक अर्ब ६० करोड मानिस थपिएका छन्। घरमै साबुन र पानीसहित हात धुने सुविधा पाउनेहरूको दर ६६ प्रतिशतबाट बढेर ८० प्रतिशत पुगेको छ।

**बालबालिकामा असर**

युनिसेफकी वाश विभाग प्रमुख सिसिलिया शार्पले चेतावनी दिँदै भन्नुभयो, "जब बालबालिकाले सुरक्षित पानी, सरसफाइ र स्वच्छताको पहुँच पाउँदैनन्, उनीहरूको स्वास्थ्य, शिक्षा र भविष्य जोखिममा पर्छ।"

उहाँले असमानताहरू विशेषगरी केटीहरूका लागि कडा हुने उल्लेख गर्नुभयो। उहाँका अनुसार उनीहरूले प्रायः पानी ल्याउने जिम्मेवारी सम्हाल्छन् र मासिक धर्मका बेला थप कठिनाइ भोग्छन्।

उहाँले भन्नुभयो, "हालको गतिमा अघि बढ्दा प्रत्येक बालबालिकालाई सुरक्षित पानी र सरसफाइको वाचा अझै अधुरै रहन्छ।"

## विश्व समाचार

### इजरायलमा बन्धक सम्झौताका लागि प्रदर्शन, क्याबिनेट बैठकअघि दबाब

तेल अविव, १० भदौ (रासस/एएफपी)।

गाजाको युद्ध अन्त्य गर्दै त्यहाँ रहेका बन्धकहरूलाई सुरक्षित फिर्ता ल्याउन मागसहित मङ्गलबार बिहान इजरायलका प्रदर्शनकारीहरू सडकमा उत्रिएका छन्। उनीहरूले साँझका लागि तोकिएको सुरक्षा क्याबिनेट बैठकअघि सरकारलाई दबाब दिने प्रयास गरेका हुन्। एएफपीका पत्रकारहरूले तेल अविवमा प्रदर्शनकारीहरूले सडक अवरुद्ध गरी इजरायली झण्डा फहराएको र बन्धकहरूको तस्बिर बोकेको दृश्य देखेका थिए। यस्तै, इजरायली मिडियाका अनुसार अमेरिकी दूतावासको शाखा नजिकै र देशभरका मन्त्रीहरूको घर अगाडि पनि र्‍यालीहरू भएका छन्। "टेबलमा प्रस्ताव तयार छ। हामी हाम्रा नेताहरूलाई वार्तामा बस्न र सहमति नभएसम्म उठ्न नदिने माग गर्छौं", अक्टोबर २०२३ मा आफ्नो छोरा अपहरणमा परेका परिवारको प्रतिनिधित्व गर्ने फोरमले विज्ञप्ति जारी गर्दै भनेको छ। सुरक्षा मन्त्रिपरिषद् बैठकको एजेन्डा आधिकारिक रूपमा सार्वजनिक गरिएको छैन। तर स्थानीय समाचारहरूले युद्धविराम र बन्धक मुक्तिको नयाँ वार्ताबारे छलफल हुने सम्भावना औँल्याएका छन्। मन्त्रिपरिषद्‌ले अगस्टको सुरुमा सेनाले गाजा सहर कब्जा गर्ने योजनालाई अनुमोदन गरेको थियो। यसले बन्धकहरूको सुरक्षामा थप चिन्ता पैदा गरेको छ। पछिल्ला हप्तामा देशभर हजारौं मानिस सडकमा उत्रिएर विरोध प्रदर्शनमा सहभागी भए। प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले गत हप्तामै गाजामा बाँकी रहेका सबै बन्धकको रिहाइका लागि तत्काल वार्ता सुरु गर्न आदेश दिनुभएको थियो। तर सोसँगै उहाँले गाजाको सबैभन्दा ठूलो सहर कब्जा गर्ने आक्रमण योजनालाई अझ प्रबल बनाउनुभएको थियो। हमासले मध्यस्थकर्ताहरूले अघि सारेको नयाँ युद्धविराम प्रस्ताव स्वीकार गरेको बताएकै बेला यो घटनाक्रम आएको हो। उक्त प्रस्तावअनुसार प्रारम्भिक ६० दिनको अवधिमा कब्जामा रहेका प्यालेस्टिनी कैदीहरूको सट्टामा बन्धकहरूको चरणबद्ध रिहाइ हुने योजना छ।

### चीन–रुस सम्बन्ध अशान्त विश्वमा सबैभन्दा स्थिर : राष्ट्रपति सी

बेइजिङ, १० भदौ (रासस/एएफपी)।

राष्ट्रपति सी जिनपिङले मङ्गलबार चीन–रुस सम्बन्धलाई प्रमुख विश्व शक्तिहरूमध्ये 'सबैभन्दा स्थिर, परिपक्व र रणनीतिक रूपमा महत्त्वपूर्ण' भन्दै प्रशंसा गर्नुभएको छ। रुसको डुमा (संसद्‌को तल्लो सदन) का अध्यक्ष भ्याचेस्लाभ भोलोडिनसँगको भेटमा उहाँले चीन–रुस सम्बन्धलाई 'विश्व शान्तिको स्थिर स्रोत' को रूपमा वर्णन गर्नुभएको चिनियाँ राज्य सञ्चारमाध्यम सिसिटिभीले जनाएको छ। "दुवै पक्षले... दुवै देशको सुरक्षा र विकास हितको रक्षा गर्न, ग्लोबल साउथलाई एकताबद्ध गर्न, साँचो बहुपक्षवादलाई कायम राख्न र अन्तर्राष्ट्रिय व्यवस्थामा निष्पक्षता तथा न्याय प्रवर्द्धन गर्न मिलेर काम गर्नुपर्छ", सीले बेइजिङको भव्य ग्रेट हल अफ द पिपुलमा आयोजित भेटमा भन्नुभयो। सन् २०२२ फेब्रुअरीमा रुसले युक्रेनमाथि आक्रमण गरेपछि बेइजिङ र मस्कोबीचको सम्बन्ध अझ गहिरो बन्दै गएको छ। चीनले युद्धको निन्दा नगरेको र मस्कोलाई सेना फिर्ता लिन पनि आह्वान नगरेको स्पष्ट छ। युक्रेनका सहयोगी राष्ट्रहरूलाई चीनले आफ्नो विशाल उत्तरी छिमेकीलाई समर्थन गरिरहेको विश्वास छ। तर चीनले भने आफू तटस्थ रहेको दाबी गर्दै आएको छ र युद्ध अन्त्यका लागि नियमित आह्वान गर्दै पश्चिमी मुलुकहरूले युक्रेनलाई हतियार आपूर्ति गरेर द्वन्द्व लम्ब्याएको आरोप लगाइरहेको छ। यसैबीच, रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले यसै सप्ताहन्तमा चीन भ्रमण गर्ने तय भएको छ। उहाँअगस्ट ३१ देखि सेप्टेम्बर १ सम्म उत्तरी सहर तियानजिनमा हुने साझाई सहयोग सङ्गठन (एससिओ) को शिखर सम्मेलनमा सहभागी हुनुहुनेछ। साथै दोस्रो विश्वयुद्धको अन्त्यको ८०औँ वार्षिकोत्सव कार्यक्रममा पनि उपस्थित हुनुहुनेछ। पुटिनले यस अवसरमा राष्ट्रपति सीसँग पनि वार्ता गर्नुहुनेछ। उहाँहरूबीच पहिले नै गहिरो व्यक्तिगत सम्बन्ध रहेको बताइन्छ। यसै महिना सीले फोनमार्फत पुटिनलाई मस्को–वासिङ्टन सम्बन्धमा देखिएको सुधारप्रति चीन खुसी भएको बताउनुभएको थियो। पुटिनले यसै महिना अलास्कामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग युक्रेन युद्ध अन्त्य गर्ने उद्देश्यले उच्चस्तरीय वार्ता गर्नुभएको थियो। तर त्यसपछिका दिनमा शान्ति वार्तामा खास प्रगति भएको देखिएको छैन

### ट्रम्प : चीनका ६ लाख विद्यार्थीलाई अमेरिका प्रवेश दिने

वासिङ्टन, १० भदौ (रासस/एएनआई)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार अमेरिकाले चीनबाट छ लाख विद्यार्थीलाई प्रवेश दिने घोषणा गर्नुभएको छ। चीनसँगको भन्सार शुल्क वार्ताका क्रममा, ट्रम्पले चिनियाँ विद्यार्थीहरूको उपस्थितिलाई महत्त्वपूर्ण भन्दै स्पष्ट गर्नुभयो, "हामी उनीहरूका विद्यार्थीलाई अनुमति दिनेछैनौं भन्ने म धेरै अफवाह सुन्छु। तर होइन, हामी उनीहरूलाई भित्र आउन दिनेछौं। यो धेरै महत्त्वपूर्ण छ– छ लाख विद्यार्थी। यो ठूलो कुरा हो।" चीनसँग राम्रो सम्बन्ध कायम हुनमा आफू विश्वस्त रहेको उहाँले बताउनुभयो। "राष्ट्रपति सी मलाई चीन आउन चाहनुहुन्छ। यो निकै महत्त्वपूर्ण सम्बन्ध हो। हामी चीनबाट भन्सार शुल्क र अन्य कारणले धेरै पैसा सङ्कलन गरिरहेका छौं। तर हामी चीनसँग राम्रो गर्नेछौं", ट्रम्पले भन्नुभयो

# राष्ट्रिय मुक्ति पार्टीद्वारा उखु किसान आन्दोलनलाई पूर्ण समर्थन, सरकारलाई तत्काल कदम चाल्न आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, १० भदौ ।**
राष्ट्रिय मुक्ति पार्टीले उखु किसान आन्दोलनलाई पूर्ण समर्थन गर्दै सरकारलाई तत्काल कदम चाल्न आग्रह गरेको छ ।

पार्टीका अध्यक्ष राजेन्द्र महतोले मंगलबार एक प्रेस विज्ञप्ति जारि गर्दै देशको अर्थतन्त्रको मेरुदण्ड र देशको खाद्य सुरक्षाका धुरी कृषक समुदायलाई राज्यले निरन्तर उपेक्षित र पीडित बनाउँदै आएकोमा सरकारले तत्काल पहलगामी कदम चाल्न आग्रह गरेका छन् ।

जारि विज्ञप्तिमा चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमा उखु किसानलाई दिइने अनुदानको बजेट विनियोजन नगरेको तथा गत वर्षको अनुदान पनि आधा कटौती गरेकोमा घोर निन्दा व्यक्त गर्दै यसलाई किसान विरोधी राष्ट्रघातक कदम रहेको उल्लेख गरिएको छ ।

“उखु किसानलाई दिइने अनुदान रोकिएर र कटौती गरिएर किसानको लामो संघर्षको अपमान मात्र गरिएको छैन, सुखाग्रस्त, अनावृष्टि र अतिवृष्टिले आजित किसानमाथि थप पिडा थपिएको छ ।” विज्ञप्तिमा अगाडी भनिएको छ, “यसले कृषिप्रति वैमनस्यतालाई बढावा दिएको, आयातमा मात्र निर्भर व्यवसायलाई प्रोत्साहन दिएको र बहुराष्ट्रिय कम्पनीहरूको मुनाफालाई प्राथमिकता दिएको प्रमाणित भएको छ ।”

सोही विज्ञप्तिमा भनिएको छ, “उखु किसानको उत्पादन लागत बढ्दो छ, तर मूल्य निर्धारणमा किसानको सहभागिता छैन । चालु बजेटमा अनुदान नराख्नु र पछि मन्त्रिपरिषद्को निर्णयबाट अनुदान आधा कटौती गर्नु किसानप्रति सरकारको धोखाधडी र आर्थिक आक्रमण हो ।”

चालु आर्थिक वर्षको बजेटमा तत्काल उखु अनुदान पुनःस्थापना गरी बक्यौता समेत भुक्तानी गर्न माग गर्दै विज्ञप्ति मार्फत सार्वजनिक वितरण प्रणालीमार्फत मल, बीउ, सिचाइ र यान्त्रीकरणमा निःशुल्क वा अनुदानित मूल्यमा पहुँच सुनिश्चित गर्न भनिएको छ ।

यस्तै कृषक उत्पादन मूल्यको न्यूनतम मूल्य सुनिश्चित गर्न कृषि मूल्य निर्धारण आयोग गठनको माग पनि गरिएको जनाउँदै विज्ञप्तिमा किसानको ऋण मिनाहा, बीमा र संकटको समयमा राहत सुनिश्चित गरिने कृषक सुरक्षा ऐन निर्माण गर्न भनिएको छ ।

अन्तमा काठमाडौंमा भइरहेको उखु किसानको आन्दोलनलाई पूर्ण रूपमा समर्थन गर्दै सरकारलाई किसानविरोधी नीतिहरू तत्काल फिर्ता लिन र उनीहरूको यथोचित मागहरू पूरा गर्न विज्ञप्तिमार्फत आग्रह गरिएको छ ।

# हैजाको स्रोत भने अझैसम्म पनि पत्ता लाग्न सकेन्न



**दैनिक समाचारदाता**
**वीरगन्ज, १० भदौ ।**
वीरगञ्ज महानगरपालिका क्षेत्रमा समुदायस्तरमा हैजाको संक्रमण फैलिएको छ । तर हैजाको स्रोत भने अझैसम्म पनि पत्ता लाग्न सकेको छैन । शुक्रबारदेखि वीरगञ्जका वडा नं. ११, १२ र १३ मा हैजा संक्रमित भेटिएको छ ।

स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले जनाए अनुसार हालसम्म वीरगञ्जमा ७९ जनामा हैजा पुष्टि भएको छ । जनस्वास्थ्य अधिकृत ठाकुरले भने, “आइतबार बेलुका ८ बजेसम्म हैजाका संक्रमित ७१ जना भेटिएका थिए । सोमबार बिहानसम्म थप आठजना हैजाका संक्रमित भेटिएका छन् ।” १०३ जना विभिन्न अस्पतालमा भर्ना भएर उपचारार्थत छन् ।

जनस्वास्थ्य अधिकृत ठाकुरले भने, “हैजाको मुख्य स्रोत अहिलेसम्म पत्ता लागेको छैन,” उनले अघि थप्दै भने, “विश्व स्वास्थ्य संगठनलगायत प्रतिनिधिले आइतबारदेखि यहाँका पानीको परीक्षणलगायत गरिरहनुभएको छ ।

सम्भवतः आजसम्म हैजाको स्रोतको पहिचान हुने आशा राखेका छौं ।” कतिपय बिरामीले परीक्षण गराउन नमानेको वीरगञ्जस्थित नारायणी अस्पतालका प्रवक्ता डा. उदयनारायण सिंहले बताए । उनले भने, “वडा नम्बर ११, १२ र १३ का सर्वसाधारण प्रभावित भएको देखिन्छ । कतिपय त सिकिस्त भएर पनि अस्पताल आउने गरेका छन्, अस्पताल आएका सबैको परीक्षण गर्न भ्याइएको छैन ।

कतिले त परीक्षण गर्न मान्दैनन् ।” पछिल्लो तीन दिनमा नारायणी अस्पतालमा पुगेर उपचार गराउनेको संख्या १०० भन्दा धेरै छ । उनीहरूमध्ये २६ जनामा हैजा पुष्टि भएको डा. सिंहले बताए । केही दिनको तथ्यांकको तुलनामा सोमबारसम्म अस्पताल आउने बिरामीको संख्या कम रहेको उनले बताए । उनले भने, “एकजना ३५ वर्षीय पुरुषलाई उपचारका लागि अस्पताल ल्याउँदै गर्दा मृत्यु भएको पाइयो, हैजा पुष्टि भने भएको छैन । शंकास्पद छ ।” केही बिरामी उपचारपछि घर फर्किएका उनले बताए । उनले भने, “नारायणी अस्पतालमा हैजाको उपचारको लागि शय् या र जनशक्ति दुवैको अभाव देखिएको छ, अहिलेसम्म कुनै पनि निकायबाट आवश्यक पर्ने सहयोग आइपुगिसकेको छैन । अहिलेसम्म कागजी प्रक्रियामा सहयोग गर्ने भने तापनि वास्तविक रूपमा आवश्यक पर्ने जनशक्ति र अन्य उपचारका सामग्री आइपुगिसकेको छैन ।”

प्रवक्ता सिंहले हैजा महामारीका साथसाथै अरू बिरामीको चाप पनि थेग्न नसकिने रहेको गुनासो गरे । यता स्रोत पत्ता लगाउनका लागि प्रदेश सरकार र संघीय सरकारले चिकित्सकसहितको टोली नै परिचालन गरेको छ ।

### जेष्ठ नागरिक ...

उपचारका लागी भर्ना रहेका हरिनारायण लाल देवलाई बुधवार अस्पताल मै पुगी टोलीले स्वस्थ्य अवस्थाबारे जानकारी लिनुका साथै उनको समाजिक सुरक्षा भत्ता कार्ड नविकरण गर्ने तयारी गरिएको जानकारी दिए । यसका लागी विरामी देवका आफन्त र अस्पताल प्रशासनलाई जानकारी समेत गराइएको उनले बताए ।

सरकारबाट जेष्ठ नागरिक तथा अशक्त अपाङ्गलाई प्रदान गरिएको उक्त सेवा सुविधाबाट कोही पनि बञ्चित नहोस भन्ने उदेश्यका साथ नविकरण कार्यलाई घरदैलो कार्यक्रमको रुपमा अघि बढाइएको राजविराज नगरपालिकाले जनाएको छ ।

# तेइस वटा इलाका प्रशासन थप गर्ने प्रस्ताव प्रशासन समितिमा

काठमाडौं, १० भदौ (रासस) ।
गृह मन्त्रालय मातहत गठित एक कार्यदलद्वारा प्रस्तुत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा उल्लेख गरिए अनुसार २३ वटा इलाका प्रशासन कार्यालय थप गर्ने प्रस्ताव सोमबारको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् बैठकले प्रशासन समितिमा पठाएको छ ।

प्रशासन समितिले मन्त्रिपरिषद्बाट पठाइएको प्रस्तावमा आवश्यक छलफल गरी कार्यान्वयनका लागि अघि बढाउने गृह मन्त्रालयले जनाएको छ । सेवाग्राहीको हैरानी अन्त्य गर्ने उद्देश्यसहित उक्त प्रस्ताव गरिएको हो ।

मन्त्री लेखकले आन्तरिक स्रोत व्यवस्थापन गरेर तराईदेखि उच्च हिमाली भेगसम्म इलाका प्रशासन कार्यालय थप गर्नुपर्नेमा जोड दिनुभएको छ । गृह मन्त्रालय तथा मातहतका निकायहरूको सङ्गठन संरचना, दरबन्दी हेरफेर गर्न र नयाँ इलाका प्रशासन कार्यालय स्थापना गर्न मन्त्रालयले गत पुसमा सचिवस्तरको निर्णय गरी ‘सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन’ पेस गर्न गृह मन्त्रालय, प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा एक कार्यदल गठन गरेको थियो ।

गृहमन्त्री लेखकले सेवा प्रवाहलाई थप सहज र सरल बनाउन जनसङ्ख्या, भौगोलिक सुगमता र पहुँचबीच देखिएको असमानता समाधानका लागि मन्त्रालयका नेतृत्व लिएदेखि जोड दिँदै आउनुभएको छ ।

### तिलाठी कोइलाडीले ...

उनका अनुसार खडेरीका कारण पीडित किसान अहिले हर्षित भएका छन् भने धान रोपाइँ भइसकेको तर पानी अभावले मर्न थालेको बालीलाई खोलाबाट आएको पानीले जोगाउने
विश्वास लिईएको छ ।

चार दिन अघि मात्र गाउँपालिकाले खाँडो खोलामा अस्थायी बाँध निर्माण गरेर पानी खेतमा पुऱ्याइएको थियो । गाउँपालिकाको वडा नं. १ तिलाठी र वडा नं. २ लौनियाँका पाँचसय विघा भन्दा बढी खेतमा यसरी त्यसरी लगिएको खोलाको पानीबाट सिंचाइ भईरहेको छ ।

### बिषादी सेवनबाट ...

अनुसन्धानमा विशुद्ध घरायसी विवादकै कारण यस्तो घटना बढिरहेको देखिएको छ ।”

विभिन्न घरायसी समस्या, आपसी विवाद र मानसिक दबाबका कारण जिल्लाभर यस्तो समस्या देखिएको छ । यस्ता घटनाले जिल्लामा मानसिक स्वास्थ्य समस्या र घरायसी तनाव गहिरिँदो देखिएको प्रहरीको भनाइ छ ।

# अशक्त र ज्येष्ठ नागरिकलाई राष्ट्रिय परिचयपत्र अनिवार्य छैन : विभाग

काठमाडौं, १० भदौ (रासस) ।
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने अशक्त, असहाय वा ९० वर्षभन्दा माथिको ज्येष्ठ नागरिकका हकमा राष्ट्रिय परिचयपत्र नभए पनि सेवा लिन कुनै बाधा नपर्ने प्रावधानको पुनःस्मरण गराएको छ ।

विभिन्न स्थानीय तहले परिचयपत्र अनिवार्य रहेको भन्दै सेवा प्रवाहमा कठिनाइ भएको बताउँदै आएपछि विभागले उक्त प्रावधान स्मरण गराएको हो ।

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने प्रयोजनका लागि ज्येष्ठ नागरिकले दुःख पाएको तथा अशक्तलाई पनि अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्र नम्बर आवश्यक रहेको भन्ने गुनासो पछि विभागले थप स्पष्ट पारेको हो ।

सरकारले २०८१ असार २० गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरी विभिन्न सार्वजनिक सेवामा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरेको थियो । सामाजिक सुरक्षा भत्ता, बिमा निवृत्तिभरण, राजस्व, सवारी चालक अनुमतिपत्र, कम्पनी दर्ता, बैंकिङ तथा वित्तीय सेवा, टेलिफोन तथा सिमकार्ड, सामाजिक सुरक्षा कोष र घरजग्गा कारोबारमा परिचयपत्र अनिवार्य गरिएको छ ।

विभिन्न स्थानीय तह, सेवा प्रदायक निकायबाट अशक्त तथा ज्येष्ठ नागरिकलाई राष्ट्रिय परिचयपत्र नम्बर माग गरिएको र सोका लागि कष्टपूर्वक सेवा इकाइमा पुग्न परेको भन्ने सूचना र गुनासो प्राप्त भएकाले विभागले सोमबार एक सूचनामार्फत स्पष्ट पारेको विभागका निर्देशक मुकेशकुमार केशरीले जानकारी दिनुभयो ।

भर्ना खुल्यो
गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध
युनिभर्सल कलेज
RAJBIRAJ UNIVERSAL ACADEMY
राजविराज,८, पुलचोक, सप्तरी
+2
विज्ञान
व्यवस्थापन
शिक्षाशास्त्र
मानविकी
For More Information Contact :
Contact : 031-590366, 9842820071, 9805928831

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np